मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन:-०४८-५४०११२

प.सं.:-०७८/०७९
च.नं.:-

मिति: २०७८।०९।२७

**विषय : शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा ।**

श्री सबै विद्यालयहरु
मन्थली नगरपालिका, रामेछाप।

प्रस्तुत विषयमा पछिल्लो समय बढदै गएको ओमिक्रोन भाइरस र त्यसको प्रभावको सम्बन्धमा हालै भएको CCMC को निर्णय तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचनालाई मध्यनजर राख्दै मिति २०७८।०९।२८ गतेदेखि २०७८।१०।१५ गतेसम्म शिक्षण सिकाइ क्रियकलापलाई तपसिल अनुसार सञ्चालन गर्नु गराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारीका लागि अनुरोध छ ।

तपसिल:

१. मिति २०७८।०९।२८ गतेदेखि २०७८।१०।१५ गतेसम्म विद्यालयमा भौतिक रुपमा बालबालिकाहरुलाई नबोलाउने ।

२. कोभिड १९ को सन्दर्भमा विद्यालय सञ्चालन कार्यढाँचा,२०७७ अनुसार हुने गरी तपसिलका शिक्षण क्रियाकलापहरु सञ्चालन गर्नु हुन :

  क) माथिल्ला कक्षा र अनलाईनको पहुँच भएका बालबालिकाहरुलाई अनलाईनको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु हुन ।

  ख) गाउँ तथा टोलमा जोखिमको अवस्था विश्लेषण गर्दै स्वास्थ्यका मापदण्डको पालना गर्दै घुम्ति सिकाइ क्रियाकलाप सञ्चालन गर्नु हुन ।

  ग) मोबाइल फोन, म्यासेन्जर आदिको माध्यमबाट नियमित रुपमा बालबालिकाहरुको सिकाइ क्रियाकलापलाई सहजीकरण गर्नु हुन ।

  घ) विद्यालयमा गर्नु पर्ने कार्यहरु कक्षाकोठा व्यवस्थापन, वगैचा निर्माण, सिकाइ सामाग्री निर्माण, कम्प्युटर तालिम, शैक्षिक योजना निर्माण, सामाजिक परीक्षण र लेखापरीक्षणको तयारी जस्ता कार्यहरु सञ्चालन गर्नु हुन ।

  ङ) यस अवधिमा विद्यालयले गरेका कार्यहरुको विवरण २०७८ माघ २० गतेसम्म यस नगरपालिकामा पेश गर्नु हुन ।

०७८।०९।२८

..............................
हेमन्तकुमार बुढाथकी
उपसचिव

उपसचिव (प्रा.)